annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४२ पृष्ठ १० | काठमाडौं, शुक्रबार ५ वैशाख २०८२ | वैशाख कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४५ | FRIDAY, APRIL 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# अस्थिरताको अर्को नाम प्रचण्ड




अस्थिर राजनीतिबाट जनता वाक्क दिक्क भएका बेला कांग्रेस-एमाले मिलेर बलियो सरकार बनाए। ६/६ महिनामा सरकार परिवर्तन हुने अस्थिरताको अन्त्य गरे। तर, संसद्को तेस्रो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई यो कुरा स्वीकार्य भएन। त्यसैकारण उनी रातदिन सरकार ढाल्ने खेलमा सक्रिय बनिरहे। कहिले कांग्रेससँग मिलेर सत्ता बनाउनुपर्‍यो भन्दै कांग्रेस सभापति शेरबहादुर देउवालाई 'फकाउन' तिर सक्रिय बने त कहिले वामगठबन्धनको सरकार बनाउनुपर्‍यो भन्दै एमाले नेतृत्वसँग कुराकानी गर्न प्रतिनिधि पठाउन थाले। कांग्रेस-एमाले दुवैतिर 'कार्ड फ्याँकिरहेका' प्रचण्डले पछिल्लोपटक 'सरकार ढल्दैछ' भनेर अभिव्यक्ति दिए, फेरि राजनीतिक अस्थिरताको संकेत गरे। आखिर प्रचण्ड किन सधैं राजनीतिमा अस्थिरता चाहन्छन् त ? मूल प्रश्न खडा भएको छ।

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

\- को रिपोर्ट

समाचार पृष्ठ २

मदन भण्डारी राजमार्ग

# सुर्खेत पश्चिममा अवरोध, निर्माणमा ढिलाइ



**सुर्खेतको पश्चिम खण्डमा अवरोध भइरहेको बिजौरा बजार क्षेत्र।** ● ललितबहादुर बुढा

**ललितबहादुर बुढा** | *सुर्खेत*

पूर्व-पश्चिम जोड्ने राष्ट्रिय गौरवको मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेतको पश्चिम खण्ड निर्माणमा अवरोध सिर्जना भएको छ। बारम्बार भइरहने विवादका कारण यो खण्डको काममा ढिलाइ भइरहेको छ।

सुर्खेतको पूर्वी खण्डमा सडकको स्तरोन्नति गरेर कालोपत्रेको काम सकिँदै छ। तर, पश्चिम खण्डमा एकपछि अर्को विवादले काममा अवरोध हुने गरेको हो। पछिलोपटक यो राजमार्गअन्तर्गत गुटु-बल्दे खण्डको बिजौरामा स्थानीयले अवरोध गरेका छन्।

यहीकारण यो खण्डमा काम गर्न नसकिएको मदन भण्डारी राजमार्ग आयोजना कार्यालय सुर्खेतले जनाएको छ। बिजौराको अस्पताल चौकदेखि बिजौरा बजार हुँदै डुङ्खोला सम्मको झन्डै १५ सय मिटरमा विवाद सुरु भएको हो।

डीपीआरमा स्थानीय अस्पताल चौकदेखि बिजौराबजार हुँदै सडक डुङ्खोलासम्म जोड्ने उल्लेख छ। डीपीआर बनाउने बेला कुनै आपत्ति नजनाएका स्थानीयले सडक निर्माणको क्रममा अवरोध गरिरहेका हुन्। डीपीआरअनुसार सडक निर्माण गर्दा बिजौरा बजार नै विस्थापित हुने अवस्था आएको स्थानीयको भनाइ छ। बजारसँगै केही व्यक्तिको जग्गा सडकमा पर्ने भएपछि स्थानीयले अवरोध गरेका हुन्। सडक निर्माण गर्दा चौकुने गाउँपालिका-४ का वडाध्यक्ष टोपबहादुर बिसीको समेत जग्गा पर्दछ। वडाध्यक्ष बिसी भन्छन्, 'डीपीआरअनुसार सडक निर्माण भए म पनि विस्थापित हुनुपर्छ, मेरो झन्डै आठ रोपनी जग्गा सडकले मासिन्छ। जनतालाई विस्थापित गराएरभन्दा अन्यत्रबाट राजमार्ग घुमाएर लगौं भन्ने स्थानीयको माग हो।' तर, राजमार्ग कार्यालयले राष्ट्रिय राजमार्ग घुमाउनुभन्दा जतिसक्यो छोटो मार्ग हुने गरी निर्माण हुनुपर्ने बताउँदै आएको छ। डीपीआर अनुसार सडक लैजाँदा बजारका झन्डै दुई दर्जन घर विस्थापित हुने स्थानीयको भनाइ छ। साथै उनीहरूले अस्पतालको किनार हुँदै बिजौरा स्कुलको दक्षिणबाट डुङ्खोला सडक लैजानुपर्ने अडान लिएका छन्।

स्थानीयको मागअनुसार सडक घुमाएर लैजाँदा राजमार्गलाई थप २ किलोमिटर घुमाउनुपर्ने हुन्छ। यो स्थानमा भइरहेको अवरोध हटाएर सडक निर्माण गर्नका लागि सर्वपक्षीय छलफल पनि भए। तर, सहमति जुट्न नसकेको आयोजनाको भनाइ छ। राजमार्गको डीपीआरबाहेक अन्यत्रबाट सडक लैजान नसकिने आयोजना कार्यालयका इन्जिनियर वलीको भनाइ छ। स्थानीयको अवरोधपछि बिजौरा क्षेत्रको विवाद त्यत्तिकै छाडेर बाँकी सडकमा कालोपत्रे गर्न लागिएको उनले बताए।

» बाँकी पृष्ठ ५

## राजदूतलाई ब्ल्याकमेल गरेको आरोपमा बंगलादेशी मोडल पक्राउ

**ढाका** (एजेन्सी) : यो महिना पक्राउ परेकी एक पूर्वसुन्दरी (ब्युटी क्विन) ले पूर्व साउदी राजदूतबाट ५० लाख डलर जबरजस्ती उठाउने प्रयासमा हनी-ट्र्याप गर्ने कोसिस गरेको बंगलादेश प्रहरीले बिहीबार बताएको छ।

३० वर्षीया मेघना आलमलाई सुरुमा यस दक्षिण एसियाली राष्ट्रको विवादास्पद कानुनअन्तर्गत कुनै आरोपबिना पक्राउ गरिएको थियो। उक्त कानुनले संदिग्धहरूलाई अनिश्चितकालका लागि हिरासतमा राख्न अनुमति दिन्छ।

प्रहरी प्रवक्ता मुहम्मद तालेबुर रहमानले आलमलाई अब कथित ब्ल्याकमेल योजनामा जबरजस्ती असुलीको आरोप लगाइएको बताए। अर्का एक जना वरिष्ठ प्रहरी अधिकारीले नाम नछाप्ने सर्तमा एएफपीलाई आलम र अन्यले कूटनीतिज्ञलाई पैसा हस्तान्तरण गर्न बाध्य पार्ने योजना बनाएको बताए। 'बंगलादेशमा साउदी अरबमा प्रवासी कामदारहरूको संख्या सबैभन्दा बढी छ।

सरकार कूटनीतिक सम्बन्धलाई खतरामा पार्न चाहँदैन', अधिकारीले भने। साउदी अरब बंगलादेशलाई आर्थिक र मानवीय सहायताको निरन्तर दाता हो र यसका २० लाखभन्दा बढी बंगलादेशी कामदारहरू राज्यमा विदेशी मजदुरहरूको सबैभन्दा ठूलो समूह हो। आलम बिहीबार अदालतको सुनुवाइका क्रममा कानुनी सल्लाहबिना उपस्थित भएकी थिइन् र उनले आफ्नो गिरफ्तारी रद्द गर्न आग्रह गर्दै उनीविरुद्ध लगाइएका आरोपलाई अस्वीकार गरिन्।

# जनकपुर अस्पतालमा नर्सको चरम अभाव

## भर्नामा प्रदेश सरकारको हस्तक्षेप

**मनिका झा** | *जनकपुरधाम*

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत सञ्चालनमा रहेको जनकपुर प्रादेशिक अस्पतालमा बिरामीको चाप दिनप्रतिदिन बढ्दो छ। तर, स्टाफ नर्सको चरम अभाव छ। बिरामीको हेरचाहमा सबैभन्दा बढी उत्तरदायी हुनुपर्ने नर्स नहुँदा सेवाग्राही मर्कामा छन्।

निकै पुरानो र चर्चित स्वास्थ्य संस्थाको रूपमा स्थापित जनकपुर प्रादेशिक अस्पतालमा दैनिक १ हजार २ सयदेखि १ हजार ३ सयको हाराहारीमा बिरामीहरू स्वास्थ्य सेवा लिन आउने गर्छन्। चिकित्सकले उपचारमा निर्णायकको भूमिका निर्वाह गरे पनि प्रारम्भिक स्याहारदेखि लिएर निरन्तर रेखदेखमा खटनुपर्ने स्टाफ नर्स भने निकै कम छन्। स्टाफ नर्सको अभावका कारण बिरामीहरूको स्याहारसुसारमा समस्या भइरहेको मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. रामनारायण पण्डित बताउँछन्। 'आवश्यकताअनुसार स्टाफ नर्स भर्नाका लागि केही महिनाअगाडि आवेदनसमेत माग गरेका थियौं,' पण्डितले भने, 'तर, विभिन्न कारणले गर्दा भर्ना प्रक्रिया रोक्नुपर्‍यो र अहिले नर्सको अभावले गर्दा नियमित स्याहारका कार्य प्रभावित हुन थालेका छन्।' प्रदेश सरकारले अनावश्यक हस्तक्षेप गर्न खोज्दा नर्सको भर्ना रोकिएको स्रोतले बतायो।

सरकार, विकास समिति र प्रतिष्ठानको तर्फबाट ३ सय ४२ शय्याको प्रादेशिक अस्पतालमा हाल चिकित्सक र अन्य गरी पाँच सय कर्मचारी कार्यरत छन्। अस्पताल सञ्चालन मापदण्डअनुसारले पनि यो संख्या निकै कम हो। स्टाफ नर्स १ सय २० जना मात्रै रहेको अस्पताल प्रशासनले जनाएको छ। 'बिरामीको चाप हेर्दा सबैभन्दा बढी आवश्यकता नर्सकै छ,' पण्डित भन्छन्, 'तत्काल ५० जना जति थप नर्स भर्ना गरियो भने सेवाहरू सहजै सञ्चालन गर्न सकिन्थ्यो। तर, नर्स नथपिँदा प्यासेन्ट केयरमा गाह्रो भएको छ।'

तीन सय शय्याको अस्पताल सञ्चालन गर्नका लागि ७ सय ५० जना कर्मचारी आवश्यक रहे पनि कर्मचारी अभावमै जेनतेन काम चलाइएको छ। नर्स भर्नाका लागि प्रतिष्ठानबाट पदपूर्ति प्रक्रिया अघि बढाउन खोजिएपछि मधेस प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयबाट आफ्ना मान्छेहरूलाई नर्समा भर्ना गर्नुपर्ने र पदपूर्ति प्रक्रियामै हस्तक्षेप गर्ने प्रवृत्तिका कारण भर्ना प्रक्रिया रोकिएको नाम खुलाउन नचाएका एक कर्मचारीले बताए।

सरकारबाट एक सय शय्याको अस्पताल सञ्चालन गर्ने स्वीकृति पाएको प्रादेशिक अस्पतालमा सरकारी कर्मचारी १ सय ४० जनाको दरबन्दी छ। जसमध्ये ९० जनाको पदपूर्ति भएको छ भने ५० वटा दरबन्दी रिक्त छ। त्यसैगरी प्रादेशिक संरचनामा जानुपूर्व अस्पताल सञ्चालनमा सहजताका लागि गठित अस्पताल विकास समितिबाट एक सय शय्या थप गरिएको थियो। जसमा विकास समितिका २ सय ५० जना कर्मचारी भर्ना गरिएका छन्। तिनमा चिकित्सकदेखि लिएर अन्य स्वास्थ्य सेवाका कर्मचारीहरू पनि छन् तलब र सुविधाहरू अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने गरिन्छ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पताल ल्याइएपछि प्रतिष्ठानले आफ्नो खर्चमा एक सय शय्या थप गरेको हो। जसमा तीन सय कर्मचारीहरूको दरबन्दी थप गरियो। यी कर्मचारीहरूको तलब प्रतिष्ठानले बेहोर्दै आएको छ। हाल तीन सय शय्या राखेर प्रादेशिक अस्पतालबाट सेवा दिने गरिएको छ।




**प्रादेशिक अस्पताल जनकपुरमा बिरामी जाँचका लागि पुर्जा लिन लाइनमा बसेका सेवाग्राही।** ● मनिका झा